लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन, लेखा, छैठौं, सहायक लेखा अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०४।१४

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, बौद्धिक परीक्षण, अंग्रेजी तथा संस्थागत ज्ञान

---

विषयगत

समय: १ घण्टा ३० मिनेट

अङ्क: ५०

१. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले प्रदान गर्ने सेवाको गुणस्तर प्रतिको आम धारणा उल्लेख गर्दै सेवाग्राहीलाई सन्तुष्टी प्रदान गर्न यस कम्पनीले के-के विषयमा सुधार गर्नुपर्ला? लेख्नुहोस् । २+३=५

२. दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र लिनु नपर्ने अवस्था उल्लेख गर्नुहोस् । ५

३. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध पत्रमा व्यवस्था भए अनुसार कम्पनीको उद्देश्य प्राप्त गर्न गर्नुपर्ने प्रमुख कार्यहरू के-के छन्? उल्लेख गर्नुहोस् । ५

४. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ बमोजिम कर्मचारीका आचरण सम्बन्धी व्यवस्थाबारे संक्षेपमा चर्चा गर्नुहोस् । ५

५. दूरसञ्चारको क्षेत्रमा रहेका सम्भावना र अवसरहरूलाई जनताको समुन्नति र हितमा उपयोग गर्न कार्यान्वयनमा ल्याइएको दूरसञ्चार नीति, २०६० ले के-कस्ता उद्देश्यहरू लिएको छ? चर्चा गर्नुहोस् ।५

६. नेपालको संविधानले नेपाली नागरिकको कर्तव्य सम्बन्धमा कस्तो व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् । ५

७. सूचनाको हक भन्नाले के बुझिन्छ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायमा रहेका कस्ता विषयसम्बन्धी सूचना प्रवाह गरिदैन? लेख्नुहोस् । २+३=५

८. सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ का प्रमुख लक्ष्यहरू उल्लेख गर्नुहोस् । ५

९. कुल गार्हस्थ उत्पादन (GDP) भन्नाले के बुझिन्छ? GDP गणनाको खर्च विधि (Expenditure Approach) सम्बन्धमा संक्षिप्त जानकारी दिनुहोस् । २+३=५

१०. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा सूचना प्रविधिको प्रयोग कसरी बढाउन सकिन्छ? लेख्नुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन, लेखा, छैटौं, सहायक लेखा अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०४।१५

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

| प्रत्येक **Section** को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## Section : "A" — 50 Marks

1. What do you understand by Bank Reconciliation Statement? How can it be prepared and why is it very important to finalize the Balance Sheet of a company? 2+3+5=10
2. Define functional currency and presentation currency in the context of foreign currency transaction and briefly explain the basic steps for translating foreign currency amount into functional currency as per IAS 21. 5+5=10
3. What do you mean by NFRS and IAS. Explain the major provisions on presentation of Financial Statements, Inventories and Property Plant and Equipment according to Nepal Accounting Standards (NAS). 3+7=10
4. What is Accounting Policy? Discuss the Accounting Policy of Nepal Telecom. 3+7=10
5. What are applications of management accounting in managerial decision making? Also, state the difference between financial and management accounting. 5+5=10

## Section : "B" — 50 Marks

6. Describe the objectives of Value Added Tax Act, 2052. Evaluate effectiveness of the Act in the context of Nepal. 5+5=10
7. What do you mean by Audit? Critically mention the differences between internal audit, internal control and internal check. 2+8=10
8. What are the parties involved in LC? Explain the opening and operation procedures as well as benefits of LC. 1+4+5=10
9. "The use of spreadsheet and accounting software considerably boosted the efficiency of business enterprises." Explain this statement in the context of computerized accounting system. 10
10. Discuss the different role of a manager. What are the issues and challenges in managing work force diversity in Nepali organizations? 4+6=10

**- The End -**

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन/कानून, प्रशासन/लेखा/प्रशासन, छैठौं, सहायक प्रशासकीय/लेखा/व्यापार अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०३।०३

पत्र : प्रथम
समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, बौद्धिक परीक्षण, अंग्रेजी तथा संस्थागत ज्ञान

खण्ड "ख" : विषयगत

समय : १ घण्टा ३० मिनेट
५० अङ्क

१. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका चुनौतीहरू के-के रहेको पाउनुहुन्छ? उल्लेख गर्नुहोस् । ५

२. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले सेवा प्रभावकारिताका लागि अवलम्बन गरेका नवीनतम् प्रविधिहरू संक्षेपमा उल्लेख गर्नुहोस् । ५

३. दूरसञ्चार सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले कस्तो अवस्थामा ग्राहकलाई उपलब्ध गराएको सेवा बन्द गर्नसक्ने प्रावधान दूरसञ्चार ऐन, २०५३ मा रहेको छ? उल्लेख गर्नुहोस् । ५

४. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले प्रवाह गर्ने सेवाको गुणस्तर वृद्धि गर्दै लैजानका लागि गर्नुपर्ने व्यवस्थापकीय सुधारहरू के-के हुन सक्छन्? उल्लेख गर्नुहोस् । ५

५. नेपालको वर्तमान दूरसञ्चार नीतिको परिचय दिँदै त्यसमा गरिएका प्रमुख व्यवस्थाबारे चर्चा गर्नुहोस् । ५

६. नेपालको संविधानअनुसार राज्यको दायित्व के रहेको छ? उल्लेख गर्नुहोस् । ५

७. कम्पनी ऐन, २०६३ मा कस्तो अवस्थामा कम्पनी दर्ता गर्न इन्कार गर्नसक्ने व्यवस्था गरिएको छ? प्रकाश पार्नुहोस् । ५

८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा व्यवस्था भएअनुसार सार्वजनिक निकायमा रहेको कुन-कुन विषयसम्बन्धी सूचना प्रवाह गरिनु हुँदैन? उल्लेख गर्नुहोस् । ५

९. आर्थिक विकासमा सरकारी, निजी र सहकारी संस्थाहरूले खेल्नसक्ने भूमिका उल्लेख गर्नुहोस् । ५

१०. चालू आवधिक योजनाका उद्देश्यहरू उल्लेख गर्नुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन, प्रशासन, छैठौं, सहायक प्रशासकीय अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०३।०४

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **सेवा सम्बन्धी**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" — ५० अङ्क

१. कार्य विश्लेषण (Job Analysis) भनेको के हो? यसको उपयोगहरू (Uses of Job Analysis) बारे छलफल गर्नुहोस् । ३+७=१०

२. कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्दा कुन-कुन प्रकृयाहरू अवलम्बन गरिन्छन्? उल्लेख गर्दै प्रभावकारी कार्य सम्पादनका लागि सूचना प्रणालीको भूमिकाबारे चर्चा गर्नुहोस् । ५+५=१०

३. सार्वजनिक संस्थामा ज्ञान व्यवस्थापन (Knowledge Management) को महत्व के छ? साथै संस्थामा ज्ञान व्यवस्थापनका फाइदाहरूबारे चर्चा गर्नुहोस् । ५+५=१०

४. आम सर्वसाधारण जनतालाई गुणस्तरीय, भरपर्दो एवं विश्वसनीय सूचना उपलब्ध गराउने प्रभावकारी माध्यम बन्नका लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले के-कस्तो मानव स्रोत योजना (Human Resource Planning) तर्जुमा गरी लागू गर्नुपर्ने हुन्छ? उदाहरणसहित आफ्ना भनाइहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

५. नेपाल टेलिकमको मौजूदा प्रोत्साहन प्रणालीको समीक्षा गर्दै यसमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको बारेमा सुझाव र सोको कार्यान्वयनका आधारहरूसहित स्पष्ट पार्नुहोस् । ४+६=१०

## खण्ड "ख" — ५० अङ्क

६. संगठनको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न संगठनात्मक व्यवहारले कस्तो भूमिका खेल्न सक्दछ? संगठनात्मक व्यवहारका समकालीन मुद्दाहरू उल्लेख गर्नुहोस् । ५+५=१०

७. व्यवस्थापनका महत्वपूर्ण कार्यहरूमध्ये नेतृत्व पनि एक हो । सफल नेतृत्वबाट नै व्यवस्थापन प्रभावकारीरूपमा सञ्चालन गर्न सकिन्छ । संगठनमा नेतृत्वको महत्वबारे चर्चा गर्दै एउटा सफल नेता र व्यवस्थापकबीचको भिन्नताबारे विश्लेषणात्मक समीक्षा गर्नुहोस् । ५+५=१०

८. श्रमिकको हित र संगठनको उत्पादकत्व अभिवृद्धि हेतुले श्रम ऐन, २०७४ मा व्यवस्था गरिएका श्रम सम्बन्ध (Employees/Labour Relation) र सामूहिक सौदावाजी (Collective Bargaining) बारेमा मौजूदा कानूनी प्रबन्धहरूको विवेचना गर्दै यसमा कुनै सुधार गर्नुपर्ने ठान्नुहुन्छ? ठोस तार्किक एवं व्यवहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् । ६+४=१०

९. सम्पूर्ण गुणस्तर व्यवस्थापन (Total Quality Management) को अवधारणा उल्लेख गर्दै सम्पूर्ण गुणस्तर व्यवस्थापनमा अन्तर्निहित पूर्वानुमान तथा मार्गदर्शक सिद्धान्तहरू के-के हुन्? स्पष्ट पार्नुहोस् । ५+५=१०

१०. संगठनात्मक व्यवहारमा कर्मचारी उत्प्रेरणाको महत्व (Importance of Employees Motivation) उल्लेख गर्दै कर्मचारीलाई कामप्रति अभिप्रेरित गर्ने मौद्रिक एवं गैरमौद्रिक उत्प्रेरक तत्वहरू (Monetary and Non-monetary Incentive Factors) बुँदागतरूपमा लेख्नुहोस् । ३+७=१०

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन, प्रशासन, छैठौं, सहायक व्यापार अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०३।०६ @Deb Raj Sir

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड "क" — ५० अङ्क

१. २१ औं शताब्दी खासगरी भूमण्डलीकरण (Globalization) को सन्दर्भमा बजारीकरण (Marketing) को भूमिकामाथि प्रकाश पार्दै सेवाको बजारीकरण (Service Marketing) मा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । ५+५=१०

२. दूरसञ्चार सेवाको आन्तरिक तथा बाह्य वातावरणको पहिचान गर्दै प्राविधिक वातावरण (Technological Environment) ले नेपाल टेलिकमलाई पारिरहेको प्रभावको मूल्यांकन गर्नुहोस् । ५+५=१०

३. "सेवा व्यवसायहरूमा सन्तुष्ट ग्राहकबाट नै व्यवसायको लक्ष्य प्राप्ती गर्नुको साथै नयाँ ग्राहकलाई आकर्षण गर्न सकिन्छ ।" यो भनाइलाई पुष्टि गर्दै ग्राहकलाई स्थायीकरण (Retention) गर्न के-कस्ता उपायहरू अपनाउनु पर्दछ? उल्लेख गर्नुहोस् । ५+५=१०

४. बजारशास्त्र रणनीतिक योजना (Marketing Strategic Plan) भनेको के हो? वस्तु जीवनचक्र (Product lifecycle) का विभिन्न चरणहरूमा अवलम्बन गरिने बजारशास्त्रीय रणनीतिहरूको प्रभावकारिताका बारेमा व्याख्या गर्नुहोस् । ३+७=१०

५. बिक्रि व्यवस्थापन (Sales Management) को अवधारणालाई प्रष्ट पार्नुहोस् । टेलिकमसम्बन्धी व्यवसायलाई सफल बनाउनको लागि प्रभावकारी वितरण माध्यम (Distribution Channel) तथा बिक्रि व्यवस्थापनको लागि के-कस्ता उपायहरू हुन सक्छन्? व्याख्या गर्नुहोस् । ३+७=१०

## खण्ड "ख" — ५० अङ्क

६. बजारशास्त्र सूचना प्रणाली (Marketing Information System) को संक्षेपमा परिचय दिँदै बजारशास्त्र अनुसन्धानका प्रकृया तथा यसको क्षेत्रको बारेमा उल्लेख गर्नुहोस् । ३+७=१०

७. उपभोक्तावाद (Consumerism) भन्नाले के बुझिन्छ? वस्तु तथा सेवाको गुणस्तर, मूल्य र विश्वसनीयता कायम गर्न नेपालका उपभोक्ता अधिकारवादी संस्थाले खेलेको भूमिकाको बारेमा संक्षेपमा चर्चा गर्नुहोस् । ४+६=१०

८. बजार खण्डीकरण (Market Segmentation) भन्नाले के बुझ्नुहुन्छ? नेपाल टेलिकमको लागि बजार खण्डीकरणको महत्वबारे चर्चा गर्नुहोस् । २+८=१०

९. बजारशास्त्रमा विज्ञापनको भूमिकाबारे चर्चा गर्दै बजार प्रबर्द्धन (Marketing Promotion) का औजारहरू (Tools) को विवेचना गर्नुहोस् । ४+६=१०

१०. प्रतिस्पर्धात्मक लाभ (Competitive Advantages) भन्नाले के बुझिन्छ? नेपाल सरकारले लिएको विनियमन नीति (Deregulation Policy) को कारण सञ्चार क्षेत्रमा सेवा प्रदायक संस्थाहरूको आगमन बढ्दै गईरहेको सन्दर्भमा प्रतिस्पर्धीबीच आफ्नो बजार हिस्सा कायम गर्न नेपाल टेलिकमले अवलम्बन गरेका प्रतिस्पर्धी रणनीतिहरूको बारेमा व्याख्या गर्नुहोस् । ३+७=१०

:: समाप्त ::

place Product price pro
ASESP
PIUP
A

D - 3, प्राविधिक, प्राविधिक, चौथो, टेलिकम टेक्निसियन

विषयगत ५० अङ्क

## खण्ड "ख" २५ अङ्क

१ रामले आपनो आयको २५ प्रतिशत रकम बचत गर्दछ । यदि उसको आयमा २० प्रतिशतले वृद्धि हुँदा समेत उसको बचत हुने रकममा कुनै परिवर्तन भएन भने उसको व्ययमा कति प्रतिशतले वृद्धि भयो होला? पत्ता लगाउनुहोस् । ५

२. एकजना व्यापारीले २४० वटा बिजुलीका चिमहरू प्रति दर्जन रू. ९९ को दरले किन्यो । यदि ८$\frac{१}{४}$ प्रतिशत चिमहरू ढुवानीको बेलामा बिग्रियो भने उसले बिक्रय मूल्यमा २० प्रतिशत नाफा गर्न बाँकी चिमहरू कुन दरले बेच्नुपर्ला? पत्ता लगाउनुहोस् । ५

३. तलको तथ्यांकबाट मध्यिका (Median) पत्ता लगाउनुहोस् । ५

| प्राप्ताङ्क (भन्दा कम) | २० | ४० | ६० | ८० | १०० |
|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | २१ | ४४ | ६६ | ७९ | ९० |

४. एउटा बेलनाको बक्र सतहको क्षेत्रफल त्यसको पूरा सतहको क्षेत्रफलको २/३ छ । यदि पूरा सतहको क्षेत्रफल ९२४ वर्ग सेमी. छ भने यसको उचाई र अर्धव्यास पत्ता लगाउनुहोस् । ५

५. एउटा स्तम्भ र घरबीचको दूरी स्तम्भको उचाईको एक तिहाई छ । यदि स्तम्भको उचाई ६० मिटर छ र स्तम्भको टुप्पोबाट घरको छत हेर्दा अवनति कोण ४५° छ भने घरको उचाई पत्ता लगाउनुहोस् । ५

## खण्ड "ग" २५ अङ्क

६. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ बमोजिम कम्पनीका कर्मचारीले पालना गर्नुपर्ने आचरणहरू उल्लेख गर्नुहोस् । ५

७. भ्रष्टाचार निवारण ऐन, २०५९ ले बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने राष्ट्रसेवकलाई के-कस्ता सजाय हुने व्यवस्था गरेको छ? खुलाउनुहोस् । ५

८. दूरसञ्चार ऐन, २०५३ अनुसार अरूको घरजग्गा उपयोग वा प्राप्ति गर्ने सम्बन्धमा भएको व्यवस्था जानकारी गराउनुहोस् । ५

९. दर्ता र चलानी भन्नाले के बुझिन्छ? कार्यालयमा यिनको महत्त्व वर्णन गर्नुहोस् । २+३=५

१०. कार्यक्षेत्रमा सकारात्मक सोचको विकास कसरी गर्न सकिएला? यसको विकासबाट संगठनलाई पुग्ने फाइदासमेत लेख्नुहोस् । २+३=५

:: समाप्त ::

उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०४।२०

पत्र: द्वितीय

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क: १००

विषय: सेवा सम्बन्धी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड "क" (४० अङ्क)

१. कार्यालय व्यवस्थापनको अवधारणाबारे प्रकाश पार्दै यसको महत्व उल्लेख गर्नुहोस् । २+३=५

२. कार्यालय कार्यविधिमा पत्रव्यवहारको महत्व उल्लेख गर्दै पत्रमा हुनुपर्ने गुणहरू लेख्नुहोस् । २+३=५

३. नेपाल सरकारको आर्थिक कार्यप्रणालीसँग सम्बन्धित निकायहरूले गर्ने प्रमुख कार्यहरूको सूची तयार गर्नुहोस् । ५

४. आन्तरिक र अन्तिम लेखापरीक्षणबीच रहेका भिन्नताहरू उल्लेख गर्नुहोस् । ५

५. फाइलिङ्ग (Filing) भन्नाले के बुझिन्छ? कार्यालयमा फाइलिङ्गको महत्व दर्शाउँदै यसका प्रकारहरूबारे चर्चा गर्नुहोस् । २+४+४=१०

६. कार्यालयमा सञ्चार गर्ने माध्यमहरू के-के हुन सक्छन्? कार्यालय व्यवस्थापनमा सञ्चारको आवश्यकता स्पष्ट पार्दै एक असल नेतृत्वकर्तामा हुनुपर्ने सञ्चार सीपका बारेमा लेख्नुहोस् । २+४+४=१०

## खण्ड "ख" (४० अङ्क)

७. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीमा उल्लेख भएअनुसार कम्पनीको अधिकृत पूँजीको अङ्क र विभिन्न प्रकारका शेयर संख्या उल्लेख गर्नुहोस् । ५

८. सार्वजनिक निकायहरूले निर्धारण गरेका लक्ष्यहरू प्राप्त गर्न स्थापना हुने संगठन (Organization) गठनका आधारहरूबारे चर्चा गर्नुहोस् । ५

९. कार्यसम्पादन करार किन गरिन्छ? यसमा के-कस्ता विषयवस्तुहरू समावेश गरिन्छन्? लेख्नुहोस् । ३+२=५

१०. बजार भन्नाले के बुझिन्छ? बजारका लागि आवश्यक पर्ने तत्वहरू उल्लेख गर्नुहोस् । २+३=५

११. नेपालमा दूरसञ्चार सेवाको विकासक्रमबारे उल्लेख गर्दै दूरसञ्चार क्षेत्रको विकासमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् । ५+५=१०

१२. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले प्रवाह गरेका सेवाको प्रभावकारितबारे चर्चा गर्दै यस कम्पनीको सेवा प्रवाहलाई अझ गुणस्तरीय र प्रभावकारी बनाउन कस्ता प्रविधिहरू अवलम्बन गर्नुपर्ला? सुझाव प्रस्तुत गर्नुहोस् । ५+५=१०

## खण्ड "ग" (२० अङ्क)

१३. कुनै काम A र B ले क्रमशः २० र २५ दिनमा गर्न सक्छन् । दुवैले सँगै मिली काम शुरू गरेको ५ दिनपछि A ले काम छोड्यो भने बाँकी काम पूरा गर्न B लाई कति दिन लाग्छ? ५

१४. कुनै सामान रू. ५०० मा बिक्रि गर्दा २० प्रतिशत घाटा हुन्छ भने उक्त सामानमा ४० प्रतिशत नाफा प्राप्त गर्न कति रूपैयाँमा बिक्रि गर्नुपर्ला? ५

१५. एउटा बैंकले बचत खातामा वार्षिक ५ प्रतिशत साधारण ब्याज दिन्छ भने सो बैंकमा रू. ८०,००० जम्मा गर्दा तीन वर्षमा मिश्रधन कति हुन्छ? ५

१६. तल दिइएको तथ्यांकबाट मध्यक (Mean) पत्ता लगाउनुहोस् । ५

| Age of Students | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| No. of Students | 5 | 2 | 12 | 3 | 3 |

:: समाप्त ::

D-3, प्राविधिक, प्राविधिक, चौथो, टेक्निसियन

विषयगत

## खण्ड : ख

२५ अङ्क

१. २० जना मानिसले प्रति दिन ६ घण्टा काम गरेर कुनै काम २४ दिनमा सिध्याउन सक्दछन् । प्रति दिन ९ घण्टा काम गरेर सोही काम ३२ दिनमा सिध्याउन कति मानिस चाहिन्छन्? ५

२. एउटा पसलेले आफ्नो सामानको अंकित मूल्य (Marked Price) क्रयमूल्यमन्दा ४०% बढी कायम गऱ्यो र ग्राहकलाई १५% छुट दिई बिक्रि गर्दा रू. १५२ नाफा गऱ्यो भने सो सामानको अंकित मूल्य कति कायम गरेको रहेछ? पत्ता लगाउनुहोस् । ५

३. यदि दुई वटा संख्याहरूको अनुपात ५:६ र तिनीहरुको योगफल ३३ छ भने ती संख्याहरूको मान कति होला? पत्ता लगाउनुहोस् । ५

४. ६ वटा रातो र ५ वटा कालो गुच्चाहरू भएको एउटा झोलाबाट नहेरिकन कुनै दुईवटा गुच्चाहरू झिक्दा दुवै एउटै रंगका आउने सम्भाव्यता निकाल्नुहोस् । ५

५. यदि एउटा गोलाको सतहको क्षेत्रफल ६१६ वर्ग मिटर भए उक्त गोलाको आयतन (Volume) निकाल्नुहोस् । ५

## खण्ड : ग

२५ अङ्क

६. नेपाल टेलिकमको संक्षिप्त परिचय दिंदै यसका उद्देश्यहरुमाथि प्रकाश पार्नुहोस् । २+३=५

७. कम्पनी ऐन, २०६३ बमोजिम कुनै पनि कम्पनीको साधारण सभामा पेश गर्नुपर्ने विशेष प्रस्तावसम्बन्धी विषयहरूको बारेमा उल्लेख गर्नुहोस् । ५

८. फाइलिङ्ग भनेको के हो? फाइलिङ्गका प्रकारहरू उल्लेख गर्नुहोस् । २+३=५

९. सकारात्मक सोच एवं धारणाले कार्यालयको उद्देश्य प्राप्तीमा के-कस्ता फाईदाहरू हुन सक्छन् उल्लेख गर्नुहोस् ।

१०. गुनासो सुनुवाई भनेको के हो? गुनासो सुनुवाई गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् ।२+३

:: समाप्त ::